**बैठक संख्याः २०८२/८३-११**

आज मिति २०८२ चैत्र १८ गते बुधबारका दिन बेलुकी ५ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार वली प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

Google plus –JJ8H+R22 RUKUMKOT

रुकुमकोट, रुकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८२।८३

च.न.

**मिति २०८२/१२/१८ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२.व्यापार व्यावसाय संचालन तथा नियमन सम्बन्धमा ।

३.आँखाको मोतियाबिन्दु अपरेशन सहुलियत साझेदारी सम्बन्धमा ।

४.मागमा आधारित पानी घट्ट निर्माण सम्बन्धमा ।

५.वडा नं ३ को नाममा जग्गा प्राप्ति सम्बन्धमा ।

६.चिस्यान केन्द्र निर्माण साझेदारी सम्बन्धमा ।

७.बैकल्पिक सहायक राजमार्ग सिफारिस सम्बन्धमा ।

८.विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/११/२९ गते बसेको गाउँ कार्यपालिकाको बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ व्यापार व्यावसाय संचालन तथा नियमन सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाले व्यापर व्यावसाय संचालन व्यवस्थापन तथा कर संकलन कार्यलाई व्यवस्थित गर्न **व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ र व्यवसाय दर्ता कार्यविधि २०७५** जस्ता कानुनी व्यवस्था गरी लागु गरेको सन्दर्भमा कतिपय व्यावसायहरु दर्ता नविकरण प्रकृयामा नआइ, कर नतिरी घुम्ति रुपमा संचालन हुदै आएको भन्ने गुणासो आएकाले त्यस्ता व्यावसायीलाई संचालन गर्न दर्ता नविकरणको दायरामा ल्याउने र घुम्ति व्यावसाय संचालनका लागि स्थान निर्धारण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ आँखाको मोतियाबिन्दु अपरेशन सहुलियत साझेदारी सम्बन्धमा ।**

**निर्णय नं ३:**

गाउँपालिकाले हालै संचालन गरेको एकिकृत घुम्ति शिविरमा आँखाको चेकजाँच तथा उपचार सेवा पनि संचालन गरेकोले उक्त शिविरका क्रममा मोतिया विन्दुको सल्यक्रिया गर्नु पर्ने जटिल समस्या भएका विरामीको निशुल्क अपरेशन गर्नका लागि रक्षाचौर आँखा अस्पताल सँग साझेदारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ मागमा आधारित पानी घट्ट निर्माण सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिस्ने गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रममा पानी मागमा आधारित पानी घट्ट निर्माणका लागि रु ८ लाख बजेट विनियोजन भएकोले वडा नं ६ खोपीचार -२ वटा, वडा नं ५ थाक्न -१ वटा र वडा नं ४ चिउरेनी -१ वटा गरी जम्मा ४ वटा पानी घट्ट निर्माण अनुदानका लागी ७ दिने सुचाना प्रवाह गरी माग संकलन गरी लाभग्राही छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ वडा नं ३ को नाममा जग्गा प्राप्ति सम्बन्धमा ।**

**निर्णय नं ५:**

सिस्ने गाउँपालिका वडा नं ३ साविकक पोखरा गाविस वडा नं ३ निवासी श्री तिलक बहादुर खत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको कि.न. १४५ को क्षेत्रफल १३४५ ब. मि. मध्ये ९७१ ब.मि. र ऐ ऐ निवासी जसिराम खत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको कि.नं. ६४१ को क्षेत्रफल ८८० ब.मि. मध्ये ३९७ ब.मि जग्गा निशुल्क ३ नं वडा कार्यालयको नाममा दानपत्र मार्फत प्राप्त गर्ने प्रकृयाका लागि श्री मालपोत कार्यालय रुकुम पुर्बलाई लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ६ चिस्यान केन्द्र निर्माण साझेदारी सम्बन्धमा ।**

**निर्णय नं ६:**

कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालयको मिति २०८२/१२/१६ को परिपत्र बमोजिम नेपाल सरकारको शासकीय सुधार सम्बन्धि १०० सुचिमा उल्लेख भए अनुसार कृषि उपचको भण्डारण तथा बजारीकरण सुधारका लागि **एक पालिका एक चिस्यान केन्द्र** स्थापनाको लागि सम्भाव्यता अध्यायन गर्ने प्रयोजनार्थ सिस्ने गाउँपालिकाको वडा नं ५ मा ५०० मे.ट. क्षमाताको चिस्यान केन्द्र स्थापनाको लागि सिफारीस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ बैकल्पिक सहायक राजमार्ग सिफारिस सम्बन्धमा ।**

**निर्णय नं ७:**

स्थानीय पूर्बाधार विकास आयोजना कार्यालय लुम्बिनी प्रदेश बुटवलको मिति २०८२/१२/१० को पत्रमा माग भए बमोजिम यस गाउँपालिका अन्तर्गत पर्ने मध्य पहाडी सडकर **रुकुमकोट-मुसिकोट-माछमी सडक** खण्डको बैकल्पिक मार्गको रुपमा देहायको सडक सिफारिस गरी पठाउने निर्णय गरियो ।

**<u>बैकल्पिक सडक</u>**

रुकुमकोट-धाउने-अमलाचौर-पोखरा-पिपल-छिनखेत-माछमी